# हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेड

**हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडको १३ औं र १४ औं वार्षिक साधारण सभा मिति २०७९ साल भाद्र ०३ गते विहान ११:०० बजे बस्ने भनी सूचित गरिएकोमा सभामा गणपूरक संख्या नपुगी सभा स्थगित हुन गएकोले सो स्थगित भएको साधारण सभा पुनः बस्ने बारेको सूचना**

**प्रकाशित : मिति : २०७९/०५/११ गते**

यस हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडको संचालक समितिको मिति २०७९/०४/१३ गते बसेको बैठकको निर्णयानुसार कम्पनीको १३ औं र १४औं वार्षिक साधारण सभा मिति २०७९/०५/०३ गते विहान ११:०० बजे बस्ने गरी बोलाईएकोमा उक्त साधारण सभा प्रारम्भ गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावलीको व्यवस्था अनुसारको गणपूरक संख्या पुग्न नसकी स्थगित हुन गएकोमा उक्त स्थागित भएको वार्षिक साधारण सभा कम्पनीको संचालक समितिको मिति २०७९/०५/१० गतेको बैठकको निर्णयानुसार देहायको मिति, समय र स्थानमा पुनः बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति : २०७९/०५/१९ गते
समय : बिहान ११:३० बजे
स्थान : लिसारा बैंक्वेट हल, नक्साल, काठमाडौं ।

**साधारणसभा सम्बन्धी जानकारीः**

१) कम्पनीको १३ औं र १४औं वार्षिक साधारण सभामा शेयरधनीहरुको गणपूरक संख्या नपुगी स्थगित हुन गएकोले सोही साधारण सभाको निरन्तरताको रुपमा रहेकोले सोही वार्षिक साधारण सभाको लागि तोकिएको प्रस्तावहरु उपर छलफल तथा निर्णय हुने व्यहोरा शेयरधनी महानुभावहरुको जानकारीको लागि सूचित गरिन्छ ।

२) १३ औं र १४औं वार्षिक साधारण सभामा गणपूरक संख्या नपुगी स्थगत भएको र सोही साधारण सभाको निरन्तरता भएकोले १३ औं र १४औं साधारण सभाको प्रयोजनका लागि तोकिएको समय भित्र कम्पनीमा दर्ता भएका प्रतिनिधि-पत्र (प्रोक्सी) तथा उपस्थितिलाई मान्यता दिईनेछ । स्थगित भई पुनः बोलाईएको वार्षिक साधारण सभामा शेयरधनी स्वमं उपस्थित हुन नसक्ने भएमा अन्य शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ । यस्तो प्रतिनिधि-पत्र(प्रोक्सी फारम) सभा हुनु भन्दा ४८ घण्टा अगाबै कम्पनीको कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३) नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७९/०४/२५ गतेसम्म कारोबार भई म्यादभित्र यस हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडको शेयर रजिष्ट्रार ग्लोबल आईएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाडौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम रहेका शेयरधनीहरुले मात्र सो सभामा भाग लिन पाउनेछन् ।

४) हाल काभिड-१९ को महामारी कायमनै रहेकोले उपस्थित शेयरधनी महानुभावहरुले अनिवार्यरुपमा मास्क लगाउन तथा तोकिएको स्वास्थ्य सम्बन्धि मापदण्ड अपनाई सभामा भाग लिन हुन अनुरोध गरिन्छ ।

५) साधारण सभा सम्बन्धि थप जानकारी आवश्यक भएमा हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न वा फोन नं. ४५६२८४४ मा फोन गरी जनकारी प्राप्त गर्न सकिने छ ।

राजधानी राष्ट्रिय दैनिक

साउदी अरेबीयामा रोजगारी